सिगास गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०८ संख्या: ७ मिति:२०८२।०९।२७

भाग -२

## सिगास गाउँपालिका

## आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि (दोस्रो संशोधन), २०८२

**प्रस्तावना**

आर्थिक सहयता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा १५(१) ले दिएको अधिकार प्रयोग गरी सिगास गाउँपालिकाले देहायका कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "आर्थिक सहयता कोष सञ्चालन तथा व्यस्थापन कार्यविधि (दोस्रो संशोधन), २०८२" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले सिगास गाउँपालिकाको आर्थिक सहयता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ लाई सम्झनु पर्दछ।

ख. "कोष" भन्नाले सिगास गाउँपालिकाको आर्थिक सहायता कोषलाई सम्झनु पर्दछ।

ग. "कार्यपालिका" भन्नाले सिगास गाँउ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ. "न्युन आर्थिक अवस्था" भन्नाले वार्षिक रु. ४०,०००।— (बीस हजार मात्र) आम्दानी भएको परिवार सम्झनु पर्दछ।

ङ. "जटिल तथा द ीर्घ रोग" भन्नाले मुटुरोग मृगौंला सम्बन्धि रोग क्यान्सर पक्षघात तथा मस्तिष्तघात लगायतका रोग र नेपाल सरकारले तोकेको जटिल तथा दिर्घ रोगहरु सम्झनु पर्दछ।

च. "आर्थिक सह ायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न, गरीबिको रेखामूनी रहेका, दीर्घ रोगी, मुटु,कलेजो, मृगौला क्यान्सर, टिवि तथा शरीरका महत्त्वपूर्ण अङ्गका रोगी तथा एच.आई.भी. संक्रमित बालबालिका, हिंसा पीडित, अशक्त असहाय, अपाङ्ग, आमा र बुवा दुवै नभएका टुहुरा तथा असहाय बालबालिका, घर परिवारबाट लालन पालन नभएका, दुर्घटनामा परेका, सुत्केरी आमा र बच्चा, विपन्नताका कारण औषधी उपचारबाट बन्चित लगायतका समस्याबाट ग्रसित नागरिकहरु, जनप्रतिनिधि, कर्मचारीहरुलाई समेत सम्झनुपर्दछ ।

## परिच्छेद २

## कोषको अवधारणा लक्ष्य, उद्देश्य र नीत ि

**३. अवधारणा :** सिगास गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सर्जित विपद्बाट व्यक्ति परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायतका अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ।

**४.लक्ष्यः** प्राकृतिक तथा मानव सर्जित विपद्को प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ/संस्थाहरुलाई तत्काल राहत सहयोग उपलब्ध गराउन विपन्न दीर्घरोगीहरू अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनु नै कोषको लक्ष्य रहेको छ।

**५. उदेश्य**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने

(२) आकस्मित वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थतिमा तत्काल गरिने आकस्मित कार्य गर्ने

(३) न्यून आर्थिक अवस्था भएका गरिब परिवारलाई मानवीय सहायता उपलब्ध गराउने।

**६. नीति**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने

(३) स्थानीय तहमा रहेको अत्यन्त विपन्न दीर्घरोगीहरु दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने

## परिच्छेद ३

**७.कोष स्थापना :**

(१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ।

(२) यस कोषको नाम सिगास गाउँपालिका आर्थिक सहायता कोष रहनेछ।

**८. कोषमा जम्मा हुने रकमः**

(१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजित हुने रकम

(२) दातृ निकाय गैर सरकारी संस्थासंघीय सरकार प्रदेश सरकार,अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४

## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**९. कोषबाट खर्च हुने क्षेत्रः**

(१) कोषबाट आर्थिक सहायता पाउनयोग्य व्यक्तिलाई आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मस्तिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिब/विपन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु.१०,०००/- देखि रु.५०,०००/- सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ।आकस्मिक भिरबाट खसी अंगभंग भएमा निजको आर्थिक अवस्था हेरी रु.१,०००/- देखि रु.१,००,०००/- सम्म समेत उपचार खर्च वापत आर्थिक सहयोग गराईनेछ।

(३) उपदफा (२) मा उल्लिखित उपचार खर्चको सीमाभन्दा बढी रकम आर्थिक सहायता गर्नुपर्ने देखिएमा गाउँपालिका अन्तर्गतका विशिष्ट व्यक्तिहरुका लागि गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(४) गाउँपालिका अन्तर्गतका स्थायी कर्मचारीहरुको हकमा कर्मचारी कल्याण कोषमा ब्यवस्था भए बमोजिम सोही कोषबाट गाउँकार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराईनेछ ।

**१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः**

(१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा

(२) बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

(२) आर्थिक सहायता पाउन योग्य व्यक्तिले निम्न प्रक्रिया अवलम्बन गर्नेछः

(क) सम्बन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्बन्धित अस्पताल नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपि, (यस्ता कागजात निवेदन दिने मिति भन्दा छ महिना पुरानो भएमा मान्य हुने छैन।)

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको  विवरण,

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने कुनै अंग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो का लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,

(ङ) विपन्नाताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र।

**११.आर्थिक सहयोगको निर्णय**

(१) दफा १० बमोजिमको प्रकृया पुरा गरी सहयोग माग भएमा रु.५,०००।— सम्मको हकमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथीको आर्थिक सहायता रकम उपलब्ध गराउन परेमा कार्यपालिकाको बैठकले निर्णय गर्नु पर्नेछ।

(३) आर्थिक सहयोग उपलब्ध गराउँदा गाउँपालिका अध्यक्षले तोक आदेश गरी आर्थिक प्रशासन शाखा समेतबाट बजेट सम्बन्धि राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भई सहयोग रकम प्रदान गर्न सकिन्छ।

## परिच्छेद ५

## विविध

**१३. आर्थिक सहायता कोषको रकममा वृद्धि गर्न सक्ने** :

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गराउन सक्नेछ।

**१४. जाँच पास तथा फरफारकः**

(१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ।

**१५. कार्यविधिको संशोधन :**

(१) यस कार्यविधिलाई गाउँ कार्यपालिका/गाउँसभाले आवश्यक देखेमा संशोधन गर्नेछ।

**१६. बचाउ र खारेज**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

(२) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ।

**आज्ञाले**
शंकर बहादुर बोहरा
प्रमुख प्रशासकीय अधिकृत